जेनेभा
घोषणा

## *सशस्त्र हिंसा र विकासबारे जेनेभा घोषणा:*

सशस्त्र हिंसाले मानिसको जीवन र जीविकोपार्जनमा असर पुऱ्याउँछ, असुरक्षा डर र त्रास उत्पन्न गराउनुको साथै मानव विकासमा प्रतिकूल असर पार्दछ। यदी द्वन्द्व वा अपराधले गर्दा देश, समुदाय र व्यक्तिले ठूलो मूल्य चुकाउनु पर्छ।

सशस्त्र हिंसाले गर्दा विद्यालयहरू बन्द हुने, बजारहरू खाली हुने स्वास्थ्य सेवालाई बोझ पर्ने, परिवार बिगार्ने, कानुनी शासन कमजोर हुनुका साथै मानवतावादी सहयोगमा पनि बाधा पुग्ने हुन्छ। सशस्त्र हिंसाले हरेक वर्ष प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा लाखौं मानिसहरू मर्ने गर्छन् भने अनगिन्ती मानिस जीवनभरका लागि घाइते हुने गर्दछन्। यसले मानव अधिकारको सम्मानलाई दिगो रूपमा असर पार्दछ।

सशस्त्र हिंसाको भयबाट मुक्त भएर बाँच्न पाउनु आधारभूत मानवीय आवश्यकता हो। यो मानवीय विकास, प्रतिष्ठा र राम्रो अवस्थाको पूर्वशर्त हो। हरेक नागरिकलाई मानवीय सुरक्षा प्रदान गर्नु सरकारको मूल जिम्मेवारी हो।

वि.सं. २०६२ मा सम्पन्न विश्व शिखर सम्मेलनको उपलब्धिपत्रमा विश्वका नेताहरूले विकास, शान्ति, सुरक्षा र मानवअधिकारको गहिरो र अन्योन्याश्रित सम्बन्ध रहेको कुरा महसुस गरेका छन्। उनीहरुले प्रतिष्ठित भएर बाँच्न पाउने नागरिकको हक र डर-त्रासमुक्त जीवन बिताउँने अधिकारमा जोड दिएका छन्।

अन्तर्राष्ट्रिय समुदायले के दृष्टिगत गरेको छ भने सशस्त्र हिंसा र द्वन्द्वले सहस्राब्दी विकास लक्ष्यका योजनामा अवरोध पुऱ्याउँछ। द्वन्द्वबाट बच्ने प्रमुख आधार हिंसाको रोकथाम नै हो। यसका लागि मानव अधिकार, असल राज्य व्यवस्था, शान्ति निर्माण, गरीवी न्यूनीकरण, आर्थिक वृद्धि प्रवर्दन गर्नु र मानव जीवन सुधार गर्नु आवश्यक छ।

शान्ति स्थापना आयोग, जसले सुरक्षा र विकासबीच संस्थागत सम्बन्ध कायम गर्दछ, द्वन्द्व पछिको शान्ति स्थापना गर्न एकीकृत अवधारणालाई बढावा दिन र सशस्त्र हिंसाका समस्यालाई सम्बोधन गर्न प्रमुख भूमिका निर्वाह गर्दछ।

यी वास्तविकताहरूको पहिचान गर्दै, हामी ४२ देशका मन्त्री तथा प्रतिनिधिहरू संसारका सबै क्षेत्रहरूको प्रतिनिधित्व गर्दै जेनेभामा भेला भएका छौं। दिगो सुरक्षा र शान्ति कायम गर्नका लागि हामी सशस्त्र हिंसा र सामाजिक आर्थिक र मानव विकासमा नकारात्मक असर घटाउन उचित कदम चाल्नेछौं ।

हामी हाम्रा प्रयासहरूलाई सशस्त्र हिंसा न्यूनीकरण गर्न, द्वन्द्व रोकथाम कार्यक्रमलाई राष्ट्रिय, क्षेत्रीय र बहुपक्षीय विकासका खाका, संस्था र रणनीतिहरूका साथै मानवीय सहायता, संकट व्यवस्थापन एकीकृत रुपमा अघि बढाउँन आफ्ना प्रयासहरू अझ मजबुत बनाउँनेछौं।

हामी व्यक्तिगत तथा सामूहिक रूपमा राष्ट्रिय, क्षेत्रीय र बहुपक्षीय तहमा, व्यावहारिक रूपमा काम गर्नेछौं, जसले-

- द्वन्द्वको रोकथाम, दृढप्रतिज्ञा र मेलमिलापलाई बढावा दिनुका साथै द्वन्द्वपछिको शान्ति स्थापना र पुनर्संरचनालाई सहयोग गर्नेछ।
- साना तथा हलुका हतियार र गोलीगट्ठाको गैरकानुनी ओसार-पसार, दुरूपयोग र भण्डारणलाई निरुत्साहित गर्नेछ द्वन्द्वपछिको अवस्थामा निशस्त्रीकरण सैन्य अपरिचालन, पुनर्एकीकरणलाई प्रोत्साहन र साना हतियारको नियन्त्रण गर्ने तथा गैरकानुनी विस्तार रोक्नेछ।
- मानवअधिकारको पूर्ण सम्मान, न्याय र कानुनमा आधारित शान्तिपूर्ण द्वन्द्व व्यवस्थापनलाई प्रवर्द्धन गर्नुका साथै कानुनी शासनको सम्मान र दण्डहीनताको अन्त्य गर्नेछ।
- जनउत्तरदायी र प्रभावकारी सुरक्षा संस्थाहरूको विकास गर्नेछ।
- संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद् प्रस्ताव नं. १३२५ र १६१२ का प्रावधानअनुसार पुरुष र महिला, केटा र केटीका विभिन्न अवस्था र आवश्यकताहरूको पहिचान गरी सशस्त्र हिंसा न्यूनीकरणका मुद्दाहरूको विस्तृत योजना अघि बढाउँनेछ।
- सशस्त्र हिंसा रोकथाम तथा न्यूनीकरणको सुनिश्चितताका लागि लक्षित वर्गलाई जोखिमबारे जानकारी गराउने छ। व्यक्ति तथा समुदायका लागि जीविकोपार्जनको अहिंसात्मक विकल्प सहितको कार्यक्रम ल्याउनेछ।

हामी साना तथा हलुका हतियारको आयात-निर्यातका विषयमा प्रभावकारी योजनाका साथ उपयुक्त कदम चाल्ने छौं । यस अन्तर्गत संयुक्त राष्ट्रसंघको हतियार प्रयोगको न्यूनीकरण, रोकथाम र उन्मूलन कार्यक्रमका लागि यस्ता हतियारको व्यापारका सन्दर्भमा कानुनी उपचार खोज्ने प्रयत्न गर्नेछौं ।

हामी वित्तीय, प्राविधिक र मानवीय साधनहरूको अभिवृद्धिका लागि प्रतिबद्ध छौं जुन सशस्त्र हिंसाका मुद्दाहरूमा संयुक्त रूपमा लाग्नेछन् र यस मुद्दालाई संयुक्त राष्ट्रसंघ अन्तर्गतका आर्थिक सहयोग विकास र सरोकारवाला संस्थाहरूले उचित महत्व दिनेछन् ।

हामी सशस्त्र हिंसाको मानवीय, सामाजिक, र आर्थिक मूल्य मापन गर्ने, जोखिमहरूको मूल्याङ्कन गर्ने, सशस्त्र हिंसा न्यूनीकरण कार्यक्रमको प्रभावकारिताको मूल्याङ्कन गर्ने र ज्ञानलाई व्यावहारिक रूपमा उतार्न प्रयत्न गर्नेछौं । हामी पीडित राष्ट्र र समुदायहरू, दाताहरूसँग समाधान पहिल्याउन काम गर्नेछौं जसले स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा क्षमता अभिवृद्धि हुनेछ ।

हामी वि.सं २०७२ सम्म सशस्त्र हिंसाको विश्वव्यापी असरको न्यूनीकरण गर्न र मानवीय सुरक्षास्थिति सुधार गर्न अधिकतम प्रयास गर्नेछौं ।

हामी विकास, शान्ति र सुरक्षा, जनस्वास्थ्य, मानवीय सहायता, मानवअधिकार र अपराधमुक्त समाजको स्थापना गर्न हातेमालो गर्दै अघि बढ्नेछौं । सरकार, अन्तर्राष्ट्रिय संस्थाहरू र नागरिक समाजबीच सहकार्य गरी सशस्त्र हिंसा कम गर्ने प्रयास गर्नेछौं ।

हामी यो घोषणापत्र साना तथा हलुका हतियारको गैरकानुनी ओसारपसार रोक्नका लागि हुन गइरहेको संयुक्त राष्ट्रसंघको मूल्याङ्कन कार्यक्रममा प्रस्तुत गर्नेछौं ।

सशस्त्र हिंसा न्यूनीकरणका लागि आवश्यक पर्ने कार्यक्रमको अगुवाइ आफैबाट गर्ने र कार्य प्रगतिको समीक्षा गर्न २०६५ सालभन्दा अघि नै भेट्ने बाचा गर्दछौं ।

जेनेभा, जेठ २४ २०६३